# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, माघ २७ गते २०३१ साल [अतिरिक्ताङ्क ४७

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट गत २०३१ पौष १ गते बक्सेको भाषण "व्यवस्थाका मौलिक सिद्धान्तहरू र गतिशीलतालाई कायम राख्दै जन–आकाँक्षा अनुरूप पञ्चहरूलाई बढी सक्रिय तुल्याई व्यवस्था सञ्चालन गर्न के कस्तो संवैधानिक सुधारहरू गर्न समयानुकूल होला यस विषयमा आवश्यक विचार विमर्श गरी शिफारिस तयार पार्न एउटा आयोग छिट्टै गठन गरिने छ" भन्ने हुकुम बक्से अनुरूप करीब ६ महीना जतिमा आफ्नो सुझावहरू मौसूफका हजूरमा पेश गर्ने गरी मौसूफ सरकारबाट देहायमा लेखिएबमोजिम अध्यक्ष, सदस्यहरू र सदस्य–सचिव भएको आयोग गठन गरिबक्सेको छ।

गठन विधि

१. श्री अनिरुद्धप्रसाद सिंह– – –अध्यक्ष।

२. श्री कीर्तिनिधि विष्ट– – –सदस्य।

३. श्री रामहरि शर्मा– –सदस्य।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अध्यक्ष, गाउँफर्क केन्द्रीय समिति— —सदस्य।

५. श्री श्रीभद्र शर्मा— — —सदस्य।

६. श्री डी. पी. अधिकारी— — —सदस्य।

७. डा. श्री मोहम्मद मोहसिन— — —सदस्य—सचिव।

साथै यस आयोगले अधिराज्यका प्रतिष्ठित व्यक्तिहरूको पनि आवश्यकताबमोजिम परामर्श लिनेछ।

हुकुमवक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

258



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।